आज मिति २०७८।०२।२८ गतेका दिन कोभिड-१९ अस्थायी अस्पताल सामुदायिक प्राकृतिक चिकित्सालय देवचुली-१६ रजहरको व्यवस्थापन संचालन सम्बन्धी निर्देशन समितिको संयोजक तथा जिल्ला-समन्वय समिति प्रमुख श्री चेसराम आलेमगर ज्युको संयोजकत्व-मा देहायको उपस्थिती मा बैठक बसियो।

उपस्थिती

जि·स·स प्रमुख श्री चेसराम आले मगर
प्र·जि·अ श्री पितामबर घिमिरे
नगर प्रमुख श्री चन्द्रा कुमारी पुन (कावासोती न·पा)
" श्री छत्रराज पौडेल (गैंडाकोट " )
" श्री पूर्ण कुमार श्रेष्ठ (देवचुली " )
" श्री चन्द्र बहादुर राना (मध्यविन्दु " )
अध्यक्ष श्री दुर्गा बहादुर राना (बौदीकाली गाउँपालिका)
" श्री शशि किरण बास्तकोटी (बुलिङटार " )
" श्री डम्बर बहादुर जि·सि (बिनयी-त्रिवेणी " )
" श्री लक्ष्मी पाण्डे (हुप्सेकोट " )
जि·स·अ श्री चिरञ्जिवी पौडेल (जि·स·स नवलपुर)
प्रमुख प्रशासकीय अधिकृत श्री कृतनराम पौडेल (कावासोति न·पा)
" " श्री राम प्रसाद आचार्य (गैंडाकोट न·पा)
" " श्री विष्णुप्रसाद भुसाल (देवचुली न·पा)
" " श्री चन्द्रकान्त न्यौपाने (मध्यविन्दु " )
" " श्री बोधराज बस्याल (बिनयी त्रिवेणी गा·पा)
" " श्री कृष्ण सापकोटा (हुप्सेकोट " )
जिल्ला अस्पताल अध्यक्ष श्री डा· गोपाल खनाल (मध्यविन्दु)
व·जनस्वास्थ्य अधिकृत श्री केशव प्रसाद चापागाई
प्रमुख श्री डा· विनोद पौडेल (प्राकृतिक चिकित्सालय मध्यविन्दु)
प्रमुख डा· हरि पौडेल (प्राकृतिक चिकित्सालय)
व्यवस्थापक श्री हरि सापकोटा (प्राकृतिक चिकित्सालय)
अध्यक्ष श्री सन्त बहादुर क्षेत्री ( " " )
सचिव श्री प्रदिप घिमिरे (प्राकृतिक " )
वडा अध्यक्ष श्री केशव बहादुर क्षेत्री (दे·न·पा १६)
कर्मचारी श्री स्रजन पौडेल देवचुली न·पा

**निर्णयहरु**

१) कोभिड-१९ अस्थायी अस्पताल सञ्चालनको लागि जिल्ला समन्वय समितिबाट जिल्लाका स्थानीय तहहरुको लागि ५ लाखका दरले उपलब्ध गराईएको रकम र नगरपालिका र गाउँपालिकाले यस अघि उपलब्ध गराउन निर्णय गरेको क्रमशः ३ लाख र २ लाख रकम समेत गरी नगरपालिकाहरुले ८ लाख र गाउँपालिकाहरुले ७ लाख रकम कोभिड-१९ अस्थायी अस्पताललाई तत्काल उपलब्ध गराउने ।

२) सामुदायिक प्राकृतिक चिकित्सालय देवचुली १६ रजहरका अध्यक्ष, कोषाध्यक्ष र कार्यालय प्रमखको नाममा कृषि विकास बैंक रजहर शाखाको खाता नं. ०४१५१००६३०६०००३० मा उक्त रकम जम्मा गरी प्रचलित कानूनको रित र प्रकृया पुरा गरी खरिद व्यवस्थापन गर्ने । अन्य श्रोतबाट प्राप्त रकम पनि सोही खातामा जम्मा गर्ने ।

३) कोभिड-१९ अस्थायी अस्पताल सञ्चालन गर्न आवश्यक उपचार सेवा बाहेक सम्पूर्ण व्यवस्थापकीय कार्यका लागि देहायको पदाधिकारीहरु रहेको एक व्यवस्थापन समिति गठन गर्ने ।

**देहाय :**

क) संयोजक, श्री विष्णु प्रसाद भुसाल, प्रमुख प्रशासकीय अधिकृत, देवचुली नगरपालिका

ख) सदस्य, श्री केशर बहादुर क्षेत्री, वडाध्यक्ष, देवचुली नगरपालिका १६

ग) सदस्य, श्री प्रदीपराज घिमिरे, सचिव, सामुदायिक प्राकृतिक चिकित्सालय, रजहर

घ) सदस्य, श्री हरि सापकोटा, व्यवस्थापक, सामुदायिक प्राकृतिक चिकित्सालय, रजहर

ङ) सदस्य, श्री

यस समितिले आवश्यकता, औचित्य र कार्यबोझका आधारमा समितिका कुनै सदस्यको अध्यक्षतामा उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

४) कोभिड-१९ अस्थायी अस्पतालमा खटिने प्राकृतिक चिकित्सालयका कर्मचारीहरुको सेवा, सुविधा, जोखिम भत्ता र विमा सम्बन्धी व्यवस्था नेपाल सरकारले स्वास्थ्यकर्मीहरुको लागि गरेको व्यवस्था अनुरुप नै गर्ने । अन्य निकायबाट कर्मचारी काजमा लिई काममा लगाउन परेमा सोही प्रावधान बमोजिमको सुविधा उपलब्ध गराउने ।

५) कोभिड-१९ अस्थायी अस्पतालमा प्राकृतिक चिकित्सालय तर्फका हाल १४ जना कर्मचारी कार्यरत रहेकोमा विरामीको संख्याको आधारमा कर्मचारी थपघट गर्न सकिने ।

६) कोभिड-१९ अस्थायी अस्पतालको लागि आवश्यक सामाग्री ढुवानी र अन्य कामको लागि एउटा उपयुक्त गाडी भाडामा लिने ।

७) कोरोना संक्रमित व्यक्तिहरुलाई बोक्ने सामुदायिक प्राकृतिक चिकित्सालयमा रहेको एम्बुलेन्स र प्रत्येक गाउँपालिका र नगरपालिकामा प्रयोग हुने एक/एक वटा एम्बुलेन्स चालकहरुलाई पिपिई लगायतका सुरक्षा सामाग्री उपलब्ध गराई नेपाल सरकारले स्वास्थ्यकर्मीलाई उपलब्ध गराए सरहको सेवा सुविधा उपलब्ध गराउन सबै स्थानीय तहले सहमति गरियो ।

DATE:

८) नवलपरासी (ब.सु.पू) जिल्लाको देवचुली नगरपालिका वडा नं. १६ रजहर स्थित सामुदायिक प्राकृतिक चिकित्सालयलाई अस्थायी कोभिड-१९ जिल्ला अस्पतालको रुपमा परिणत गरी कोरोना यस जिल्लाका सबै कोरोना संकमित विरामीहरुको उपचार सुरु गरिएकोले अत्यावश्यक भौतिक पूर्वाधार निर्माण/सुधार तथा स्वास्थ्य उपकरण खरिद एवं दैनिक खर्च व्यवस्थापनका लागि आवश्यक बजेट विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराई दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।